# भक्तपुरका प्रमुख मठहरु

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत
नेपाली इतिहास, संस्कृति तथा पुरा**तत्त्व** केन्द्रीय विभाग अर्न्तगतको
स्नातकोत्तर उपाधिको आंशिक परिपूर्तिको निमित्त प्रस्तुत
शोधपत्र


प्रस्तोता

**रज्जु हाडा**

क्रमाङ्क नं. २८००३९

त्रि.वि. रजिष्ट्रेशन नं. ६-२-४०८-२४४-२००४


२०६८

टेलिफोन नं. ४३३१९७६

# त्रिभुवन विश्वविद्यालय
# नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व
# केन्द्रीय विभाग

विभागीय प्रमुखको कार्यालय

कीर्तिपुर

## शोधनिर्देशकको सिफारिश - पत्र

श्री रज्जु हाडाले मेरो निर्देशनमा त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व विषयको स्नातकोत्तर उपाधिको आंशिक परिपूर्तिका निमित्त **"भक्तपुरका प्रमुख मठहरु"** शीर्षकमा यो शोधप्रबन्ध तयार गर्नु भएको हो । म निजको कार्यबाट सन्तुष्ट छु । अतः प्रस्तुत शोधप्रबन्ध परीक्षण मूल्याङ्कनका निमित्त सिफारिश गर्दछु ।

मिति : २०६८/३/१२

प्रा.डा. वीणा पौड्याल

शोध निर्देशक

टेलिफोन नं. ४३३१९७६

त्रिभुवन विश्वविद्यालय
नेपाली इतिहास, संस्कृति तथा पुरातत्व
केन्द्रीय विभाग
विभागीय प्रमुखको कार्यालय

कीर्तिपुर
काठमाडौं, नेपाल

प.सं.
च.नं.

Nepalese History, Culture & Archaeology
T U Kirtipur

## शोधप्रबन्धको स्वीकृति

श्री रज्जु हाडाद्धारा पेश गरिएको "भक्तपुरका प्रमुख मठहरु" शीर्षकको प्रस्तुत शोधप्रबन्ध त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व विषयको स्नातकोत्तर उपाधिको आंशिक परिपूर्तिका निमित्त स्वीकृत गरियो ।

| | | |
|---|---|---|
| प्रा.डा.वीणा पौड्याल | प्रा.डा.पुरुषोत्तम लोचन श्रेष्ठ | प्रा.डा.वीणा पौड्याल |
| (विभागीय प्रमुख) | (वाह्य परीक्षक ) | (शोधनिर्देशक) |

मिति:२०६८।३।१२

# कृतज्ञता ज्ञापन

कुनै पनि अध्ययन र अनुसन्धानका कार्य गर्नको लागि विभिन्न व्यक्तिहरुको पुस्तक तथा लेखको सहारा लिनुका साथै अन्य विभिन्न व्यक्तिहरुको सहयोग पनि लिएको हुन्छ । यस शोधपत्र तयार गर्ने क्रममा पनि यस्तै सल्लाह तथा सहयोगहरु प्राप्त भएका छन् ।

प्रस्तुत भक्तपुरका प्रमुख मठहरु शीर्षकको शोधपत्र आदरणीय गुरुआमा प्राध्यापक डा.वीणा पौड्यालको प्रत्यक्ष निर्देशनमा तयार पारेकी हुँ । शोध प्रबन्धको रुपरेखा निर्माणदेखि सामग्री संङ्कलन विश्लेषणका क्रममा आवश्यक सल्लाह, सुझाव र आफ्नो अमुल्य समय प्रदान गरेर समुचित निर्देश एवम् उत्साहवर्द्धक प्रेरणा प्रदान गर्नु हुने शोध निर्देशक गुरुआमा प्राध्यापक डा.वीणा पौड्यालप्रति सर्वप्रथम हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यसका साथै उपर्युक्त शीर्षकको शोधप्रस्ताव स्वीकृत गरी शोधका लागि अवसर प्रदान गर्ने नेपाली इतिहास, संस्कृति तथा पु**रातत्त्व** विभाग र समयमा नै शोध प्रस्ताव स्वीकृत गरी कार्य थालनी गर्न सहयोग पुऱ्याउनु हुने यस विभागका विभागीय प्रमुखको रुपमा पनि उनलाई थप हार्दिक आभार प्रकट गर्न चाहन्छु ।

शोधकार्यमा आवश्यक पर्ने पुस्तक पुस्तिका उपलब्ध गराइ दिने केन्द्रीय पुस्तकालय कीर्तिपुर, नेपाली इतिहास संस्कृति तथा पुरातत्व विभागको विभागीय पुस्तकालय, जनज्योति पुस्तकालय भक्तपुरप्रति म ऋणी छु । त्यस्तै जोशी रीसर्च इन्सटिच्यूटका बहुमुल्य पुस्तक पढ्न दिनुका साथै उपयोगी पुस्तकहरु उपलब्ध गराई सहयोग गरिदिनु भएकोमा संस्कृति शिरोमणि श्री हरिराम जोशीप्रति पनि म ज्यादै आभारी छु । यसै क्रममा आफ्नो व्यक्तिगत संग्रहमा राखिएको विभिन्न पुस्तकहरु तथा लेखहरु उपलब्ध गराई शोधकार्यमा आवश्यक सहयोग प्रदान गरिदिनु भएकोमा श्रध्द्य गुरु प्राध्यापक डा.पुरुषोत्तम लोचन श्रेष्ठप्रति पनि ज्यादै आभार ब्यक्त गर्दछु ।

यो शोधपत्र तयार गर्नको लागि विषयवस्तुको बारेमा यथेष्ट जानकारीहरु उपलब्ध गराई मद्दत गर्नुभएका भक्तपुरको इतिहास र संस्कृतिका सुपरिचित लेखकहरु बिनोद राज शर्मा र ओम प्रसाद धौभडेल लगाएत सम्पूर्ण मठका महन्तहरुलाई पनि विशेष धन्यबाद दिन चाहन्छु । यसका साथै यो शोधपत्र तयार गर्ने क्रममा आ-आफ्ना विभिन्न सर-सल्लाहरुका साथै मार्गदर्शन गर्दै हौसला दिनुभएका नेपाली इतिहास, संस्कृति तथा पुरातत्व विभागका सम्पुर्ण गुरु तथा गुरुआमाहरुप्रति पनि हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । शोधपत्र तयार गर्नको लागि प्रयोग गरिएका सन्दर्भ सामग्रीहरुका लेखकहरु प्रति पनि आभार ब्यक्त गर्दछु ।

मलाई स्नातकोत्तर तहसम्म अध्ययन गर्न प्रेरणा, माया, ममता र आर्शिवाद दिनुहुने पुज्य बुबा शिवजी हाडा र आमा भवानी हाडा प्रति उच्च सम्मान र आभार प्रकट गर्दै यो शोधपत्र वहाँहरुमा समर्पित गर्दछु । त्यस्तै हौसला र प्रेरणा दिनुहुने आदरणीय श्रीमान् लक्ष्मी नारायण(सागर) सुवालप्रति आभारी छु । शोधपत्र तयार गर्नको लागि आवश्यक पुस्तकहरुको खोजी तथा शोधपत्र लेखनका क्रममा

प्रत्यक्ष परोक्ष रुपमा सहयोग गर्नु हुने सम्पूर्ण सहकर्मी साथीहरुलाई विशेष धन्यवाद दिन चाहन्छु । अन्त्यमा मेरा हस्त लिखित सामग्रीहरुलाई शुद्धसंग टङकन गरिदिने नेक्स जेन कम्प्युटर शोरुम, भक्तपुर प्रति विशेष धन्यवाद दिदै आवश्यक मुल्याङकनका निमित्त प्रस्तुत शोधपत्र विभाग समक्ष पेश गर्दछु ।

शोधकर्ता

मितिः २०६८/३/१२


**रज्जु हाडा**

नेपाली इतिहास,संस्कृति तथा पुरातत्त्व विभाग

त्रि. वि, कीर्तिपुर

# प्राक्कथन

त्रिभुवन विश्वविद्यालय नेपाली इतिहास संस्कृति तथा पुरा**तत्त्व** विषयको स्नातकोत्तर तहको आंशिक परिपूर्तिको लागि यो शोधपत्र प्रस्तुत गरिएको हो । यसमा भक्तपुरमा स्थापना भएका प्रमुख मठहरुको बारेमा अध्ययन गरिएको छ ।

नेपाली इतिहास, धर्म र संस्कृति जीवन्त छ । यहाँको प्राचीन सम्पदाहरुले नै नेपाल र नेपालीहरुको गौरव बढाएको छ । यस्तो सम्पदाहरुको जर्गेना गरी यस सम्बन्धि इतिहास तथा संस्कृतिहरु खोतल्नु पर्ने हुन्छ । हिन्दुधर्मलाई जोगाउने आधारको रुपमा मठ परम्पराको विकास भारतबाट भएता पनि नेपालमा पनि यसको विषेश महत्व रहेको छ । नेपाल भरिका विभिन्न ऐतिहासिक मठहरु मध्ये पुरानो र प्रसिद्ध मठहरु भक्तपुरमा स्थापना भएका कारण भक्तपुरका मठहरुको अध्ययन र अनुसन्धान गर्नु आवश्यक हुन्छ । भक्तपुरमा स्थापना भएका मठहरुको ऐतिहासिकता, धार्मिक महत्व, साँस्कृतिक क्रियाकलापहरु तथा कला-वास्तुकला सम्बन्धि जानकारी हासिल गर्ने उद्देश्यले यो विषयमा शोधकार्य गरिएको हो ।

यो शोधपत्र तयार गर्दा यसलाई छ वटा अध्यायमा विभाजन गरिएको छ । यसको पहिलो अध्यायलाई परिचय खण्ड बनाई यस विषयमा शोधकार्य गर्नुपर्ने समस्या, उद्देश्य, तथा औचित्यको बारेमा उल्लेख गरिएको छ । दोस्रो अध्यायमा मठको ऐतिहासिकता बारेमा चर्चा गरिएको छ । तेस्रो अध्यायमा भक्तपुरमा स्थापित प्रमुख मठहरुको बारेमा जानकारी प्रदान गरिएको छ । चौथों अध्यायमा भक्तपुरका मठहरुको धार्मिक, साँस्कृतिक र आर्थिक पक्षहरुलाई प्रस्तुत गरी पाँचौ अध्यायमा भक्तपुरका मठहरुको वास्तुकला सम्बन्धि प्रकाश पार्ने कोशिश गरिएको छ । अन्तिम अर्थात छैठौं अध्यायमा शोधकार्यको सारांश, अध्ययनबाट आएको निर्ष्कषहरु उल्लेख गरिएको छ । यस शोधपत्रमा समावेश गरिएको भक्तपुरका प्रमुख मठहरुसँग सम्बन्धित विभिन्न पक्षहरुलाई सरल भाषामा प्रस्तुत गर्न भरसक प्रयत्न गरिएको छ ।

भक्तपुरलाई साँस्कृतिक नगरको रुपमा परिचय प्रदान गराउन सफल यहाँका मन्दिर, पाटी, पौवा, ढुंगेधारा, दरवार क्षेत्र लगाएत मठहरुले पनि महत्वपूर्ण टेवा पुर्‍याएको छ । यिनै महत्वपूर्ण मठहरुको ऐतिहासिकता, विकास परम्पराहरु तथा धार्मिक, साँस्कृतिक एवं आर्थिक पक्षहरुको साथै मठको कला वास्तुकलाको बारेमा अध्ययन गर्ने कोशिस यस अनुसन्धानमा गरिएको छ । तसर्थ यो शोधपत्र मठहरुको बारेमा अध्ययन तथा अनुसन्धान गर्ने जिज्ञासुहरुको लागि उपयोगी हुनसक्ने विश्वास छ ।

शोधकर्ता

मिति : २०६८/३/१२

**रज्जु हाडा**
नेपाली इतिहास,संस्कृति तथा पुरा**तत्त्व** विभाग
त्रि. वि, कीर्तिपुर

# बिषय सूची


शोधप्रबन्धको स्वीकृति पत्र

शोधनिर्देशकको सिफारिस पत्र

प्राक्कथन

कृतज्ञता ज्ञापन

नक्सा

पृष्ठ संख्या

**अध्याय - एक**

**परिचय खण्ड** **१-७**

१.१ परिचय १

१.२ समस्या कथन २

१.३ अध्ययनका उद्देश्यहरु २

१.४ पूर्व साहित्य समीक्षा ३

१.५ अध्ययनको औचित्य तथा महत्व ५

१.६ अध्ययनको सीमा ६

१.७ अध्ययन पद्धति ६

**अध्याय - दुई**

**मठको ऐतिहासिक पृष्ठभूमि** **८-२२**

२.१ आदि शंकराचार्य र मठ परम्परा १०

२.२ दशनामी सन्यासी सम्प्रदाय १२

२.३ नेपालमा मठ परम्परा र विकास १५

२.४ तिब्बतमा मठ परम्परा २०

**अध्याय - तीन**

**भक्तपुरका प्रमुख मठहरु** **२३-६४**

३.१ पूजारी मठ २४

३.२ पूलांनचोटा मठ २९

३.३ चिकंफ मठ ३१

३.४ क्वाठण्डौं मठ (श्री मठ) ३३

३.५ तःजा मठ ३६

| | | |
|---|---|---|
| ३.६ | दथु मठ | ३९ |
| ३.७ | सिथु मठ | ४१ |
| ३.८ | कुथु मठ | ४३ |
| ३.९ | गुच्चात्व मठ | ४६ |
| ३.१० | सुकुलढोका मठ | ४८ |
| ३.११ | इखालखु मठ | ५० |
| ३.१२ | तालाक्को मठ | ५३ |
| ३.१३ | गोदावरी मठ | ५४ |
| ३.१४ | वार्दली मठ | ५५ |
| ३.१५ | जंगम मठ | ५५ |
| ३.१६ | ग्वालदह मठ | ६२ |

**अध्याय - चार**

**भक्तपुरका मठहरुको धार्मिक साँस्कृतिक एवं आर्थिक अवस्था** **६५-७३**

| | | |
|---|---|---|
| ४.१ | मठको धार्मिक अवस्था | ६५ |
| ४.२ | मठको साँस्कृतिक पूजा विधिहरु | ६५ |
| ४.३ | मठको आर्थिक पक्ष | ७० |

**अध्याय - पाँच**

**भक्तपुरका मठहरुको बास्तुकला** **७४-७७**

**अध्याय - छ**

**उपसंहार** **७८-८१**

| | | |
|---|---|---|
| ६.१ | अध्यायगत सारांश | ७८ |
| ६.२ | निष्कर्ष | ७९ |
| ६.३ | सुझावहरु | ८० |

**परिशिष्टहरु** ( क - ज ) **८२-१०४**

**सन्दर्भ ग्रन्थसूची**

**चित्रफलक**